# स्थानीय राजपत्र

स्थानीय सरकार

सोलुदुधकुण्ड नगरपालिका, सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश, नेपालद्वारा प्रकाशित

खण्ड: ८ | संख्या ३ | २०८१ फागुन १ गते


सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु,
कोशी प्रदेश नेपाल

**भाग २**

**स्थानीय सरकार**

**सोलुदुधकुण्ड नगरपालिका**

**सल्लेरी, सोलुखुम्बु**

**कोशी प्रदेश, नेपाल**

**नगरसभाबाट स्वीकृत मितिः २०८१/१०/३०**

## सोलुदुधकुण्ड नगरपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१

# सोलुदुधकुण्ड नगरपालिकाको उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावनाः**

नेपाल सरकार तथा प्रदेश सरकारबाट बजेट विनियोजन भई उपभोक्ता समितिमार्फत कार्यान्वयन गरिने सार्वजनिक निर्माणसँग सम्बन्धित आयोजना/परियोजना/योजना/कार्यकमहरुको कार्यान्वयन प्रक्रियालाई व्यवस्थित बनाउनको लागि उपभोक्ता समितिहरुको दर्ता, नविकरण, नियमन एवम् खारेजी सम्बन्धी कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८१ को दफा ४(१) ले दिएको अधिकार प्रयोग गरी सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम **"उपभोक्ता समिति दर्ता सम्बन्धी कार्यविधि, २०८१"** रहनेछ।

(२) यो कार्यविधि नगरपालिकाको कार्यपालिका बैठकबाट स्वीकृत भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

**२. परिभाषा:** विषय र प्रसङ्गले अन्यथा अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई जनाउनेछ ।

(ख) "आयोजना" भन्नाले नगरपालिका मातहत वा सो अन्तर्गतको पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित आयोजना/परियोजना/योजना/कार्यक्रमलाई जनाउनेछ।

(ग) "उपभोक्ता" भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने क्षेत्रभित्रका व्यक्तिलाई जनाउनेछ।

(घ) "उपभोक्ता समिति" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफुहरु मध्येबाट गठन गरेको समितिलाई जनाउनेछ।

(ङ) "नगरपालिका" भन्नाले सोलुदुधकुण्ड नगरपालिकालाई जनाउनेछ।

(च) "ठूला मेशिनरी तथा उपकरण" भन्नाले ठूला मेशिनरी उपकरणहरु जस्तै - बुलडोजर एक्साभेटर जस्ता श्रममूलक प्रविधिलाई विस्थापन गर्ने खालका उपकरणलाई जनाउँनेछ।

(छ) "सम्झौता" भन्नाले आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन एवं मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समिति वीच भएको लिखित करारनामा वा कवुलियतनामालाई जनाउँनेछ।

(ज) "दर्ता अधिकारी" भन्नाले वडा सचिवलाई जनाउनेछ । सो शब्दले नगरकार्यपालिकाको कार्यालयमा संघ/संस्था दर्ता गर्ने अधिकृत समेतलाई जनाउँदछ ।

**३. उपभोक्ता समिति दर्ता गर्नुपर्नेः** (१) प्रचलित कानून बमोजिम नगरपालिका क्षेत्रभित्र सञ्चालन हुने संघीय, प्रदेश तथा नगरपालिका अन्तर्गतका आयोजनाको कार्यान्वयनका लागि गठन भएका उपभोक्ता समितिको दर्ता नगरपालिकामा दर्ता गर्न देहाय बमोजिमका कागजपत्र संलग्न गरी अनुसूची - १ बमोजिमको ढाँचामा दर्ताको लागि निवेदन दिनु पर्नेछ।

(क) दर्ता गर्ने विषयमा अधिकार प्रत्यायोजन गरेको निर्णय,

(ख) आमभेलाको निर्णय र सोको एक प्रति फोटो,

(ग) कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी,

(घ) अनुसूची - ४ बमोजिमको ढाँचामा दुई प्रति विधान ।

(२) माथि उल्लेखित कागजातहरुको आवश्यक जाँचबुझ गरी अधिकारीले सम्बन्धित उपभोक्ता समितिलाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाण-पत्र उपलब्ध गराउनेछ ।

**४. दर्ता नम्बर उपलब्ध गराउनुपर्नेः** दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता भएका उपभोक्ता समितिलाई दर्ता नम्बर प्रमाणपत्रमा खुलाउनु पर्नेछ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु कोशी प्रदेश नेपाल

**५. उपभोक्ता समिति नवीकरण सम्बन्धी व्यवस्थाः** (१) सार्वजनिक निर्माणको लागि गठन भएको उपभोक्ता समिति प्रचलित कानून बमोजिम दर्ता भएको वा सूचीकरण भएको अवस्थामा निरन्तर रहि रहनेछन् । यस्ता समितिहरु वार्षिक रुपमा नविकरण गरेको आधारमा आयोजना कार्यान्वयनमा संलग्न रहनेछन् । नविकरण गर्नको लागि सम्बन्धित उपभोक्ताहरुको आमभेला गराई उपभोक्ता समितिलाई निरन्तरता दिने निर्णय भएको हुनु पर्नेछ।

(२) उपभोक्ता समितिलाई निरन्तरता दिने वा नदिने बिषयमा सम्बन्धित उपभोक्ता समितिले आर्थिक वर्ष समाप्त भएको सामान्यतया प्रथम त्रैमासिकभित्र निर्णय गर्नु पर्नेछ ।

**६. उपभोक्ता समितिको सूचीकरण गर्नेः** दर्ता अधिकारीले आफ्नो कार्यालयमा दर्ता हुने आएका उपभोक्ता समितिहरुको लगत अनुसूची - ३ को ढाँचामा राख्नु पर्नेछ ।

**७. उपभोक्ता समितिको अनुगमन नियमन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले नियमानुसार दर्ता भएका उपभोक्ता समितिको अनुगमन नियमन गर्न सक्नेछ ।

(२) अनुगमन गर्ने क्रममा प्रचलित कानूनको बर्खिलाप हने गरी कनै कार्य गरेको पाईएमा प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिलाई सचेत गराउने वा दर्ता खारेजी वा दुवै कारवाहीको लागि आदेश दिन सक्नेछ।

**८. अन्य संस्थाबाट समेत कार्य गराउन सकिनेः** (१) यस कार्यविधि बमोजिम उपभोक्ता समितिबाट गरिने कार्यहरु सामुदायिक वन उपभोक्ता समूह, सामुदायिक स्तरका सहकारी संस्थाहरु, जल उपभोक्ता संस्था, आमा समुह, कृषक समूह लगायतका कानून बमोजिम दर्ता भएका अन्य सामुदायिक संघ/संस्था वा समितिहरु जस्ता संस्थाहरुलाई आफ्नो विषय क्षेत्रसँग सम्बन्धित आयोजनामा स्थानीय उपभोक्ताहरुको आमभेलाबाट निर्णय भई आएमा यस कार्यविधि बमोजिम कार्य गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा छुट्टै उपभोक्ता समिति दर्ता गर्नुपर्ने छैन ।

**९. जिम्मेवारी र अभिलेख हस्तान्तरणः** (१) उपभोक्ता समिति पुर्नगठन हुँदाको अवस्थामा आर्थिक कारोवारको विवरण माइन्युट लगायतका अभिलेख पुर्नगठित समितिलाई हस्तान्तरण गर्नु पर्नेछ । आयोजना सम्पन्न भएपछि सार्वजनिक निर्माणसँग सम्बन्धित कागजात नगरपालिकामा बुझाउनु पर्नेछ।

**१०. उपभोक्ता समितिको एकिकृत लगत राखिनेः** दर्ता भएका उपभोक्ता समितिको एकिकृत लगत नगर कार्यपालिकाको कार्यालयमा राखिनेछ।

**११. कार्यविधिमा संशोधनः** यस कार्यविधिमा नगरपालिकाले आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ।

**१२. बाधा अड्काउ फुकाउन सक्नेः** यस कार्यविधिमा उल्लेखित मापदण्डको कुनै प्रावधानको कार्यान्वयनमा द्विविधा उत्पन्न भई कार्यान्वयनमा बाधा आइपरेमा नगरपालिकाले बाधा अड्काउ फुकाउ गर्न सक्नेछ।

**१३. बचाउ र लागु हुनेः** (१) यस कार्यविधिमा उल्लेख भएका कुरा यसै कार्यविधि अनुसार र उल्लेख नभएका कुराहरू प्रचलित कानून अनुसार हुनेछ।

(२) यस कार्यविधिमा उल्लेखित कुनै कुरा सङ्घीय र प्रादेशिक कानूनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ।

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

अनुसूची-१

(दफा ३ (१) सँग सम्बन्धित)

उपभोक्ता समिति दर्ताका लागि दिइने निवेदनको ढाँचा

मितिः

श्री दर्ता अधिकारीज्यू,
सोलुदुधकुण्ड नगरपालिका
......... नं. वडा कार्यालय,
................... ।

विषय- उपभोक्ता समिति दर्ता गरी पाउँ।

नेपाल सरकार/ प्रदेश सरकार ............................................... मन्त्रालय मार्फत सोलुदुधकुण्ड नगरपालिका वडा नं. ........... मा आ.व. ......... कार्यान्वयन हुने आयोजनाका लागि मिति .................... मा ........................ उपभोक्ता समिति गठन गर्ने निर्णय भएकोले नियमानुसार उपभोक्ता समिति दर्ताको लागि देहायका कागजात सहित यो निवेदन पेश गरेको छु ।

उपभोक्ता समितिको नामः

ठेगानाः

अध्यक्षको नामः
अध्यक्षको सम्पर्क नं.

**संलग्न कागजातहरूः**

१. दर्ता गर्ने विषयमा अधिकार प्रत्यायोजन गरेको निर्णय,
२. आमभेलाको निर्णय र आम भेलाको एक प्रति फोटो,
३. कार्यसमितिका पदाधिकारीहरुको नागरिकताको प्रतिलिपी,
४. अनुसुची-४ बमोजिमको ढाँचामा दुई प्रति विधान,

नगर कार्यपालिकाको कार्यालय सोलुदुधकुण्ड नगरपालिका सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

## अनुसूची - ३

(दफा ६ सँग सम्बन्धित)

### उपभोक्ता समितिको सूचिकरण दर्ता किताव

| क्र. सं. | आयोजनाको नाम र ठेगाना | आयोजनाले समेट्ने क्षेत्र | समितिको नाम | उपभोक्ता समितिको गठन मिति | उपभोक्ता समितिको पदाधिकारीहरुको नाम | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु
कोशी प्रदेश नेपाल

༄༅། །སོད་རོང་ཐོ་མའི་མཚོའི་གྲོང་རྡེ་སྐྱོང་ཁྱབ་ལྷན་ཁང་།

# सोलुदुधकुण्ड नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

### सल्लेरी, सोलुखुम्बु

कोशी प्रदेश, नेपाल

दर्ता नं. मितिः.........................

# उपभोक्ता समिति दर्ता प्रमाण-पत्र

श्री ..............................उपभोक्ता समिति,
सोलुदुधकुण्ड नगरपालिका वडा नं........., सोलुखुम्बु ।

यस कार्यालयको मिति ...................... गतेको निर्णयानुसार सोलुदुधकुण्ड नगरपालिकाको उपभोक्ता समिति,गठन परिचालन तथा व्यवस्थापन कार्यविधि- २०७४ को दफा ४ मा भएको व्यवस्थानुसार सोलुदुधकुण्ड नगरपालिका वडा नं. ......... मा गठन भएको श्री ....................उपभोक्ता समितिलाई यो प्रमाण- पत्र प्रदान गरिएको छ।

......................
प्रमुख प्रशासकीय अधिकृत

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु,
कोशी प्रदेश नेपाल

अनुसूची-४

(दफा ३ (१)(घ) सँग सम्बन्धित)

उपभोक्ता समितिको विधानको नमूना

**प्रस्तावनाः**

स्थानीय स्तरमा उपलब्ध श्रम, सीप, स्रोत साधन तथा अवसरहरुलाई अधिकतम परिचालनबाट र सहभागितामूलक योजना तर्जुमा गरी आफ्नो टोल वा बस्तीको समग्र विकास मार्फत नगरको विकासम पुर्‍याउने उद्देश्यले यस ........................................ उपभोक्ता समिति गठन गरी परिचालन गर्न यो विधान ब

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो उपभोक्ता समितिको नाम ...................... हुनेछ ।

(२) यो विधान उपभोक्ताहरुको आम भेलाबाट अनुमोदन भई वडा कार्यालय वा नगरकार्यपालिकाको कार्या भएको मितिदेखि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस विधानमाः

(क) "समिति" भन्नाले .................... उपभोक्ता समितिलाई सम्झनुपर्दछ।

(ख) "विधान" भन्नाले .................... उपभोक्ता समितिको विधानलाई सम्झनुपर्दछ ।

(ग) "आमभेला" भन्नाले उपभोक्ता समिति गठनको लागि राखिएको उपभोक्ताहरुको भेलालाई सम्झनु प

(घ) "कार्यसमिति " भन्नाले कुनै पनि योजना सञ्चालनको लागि गठित उपभोक्ता समितिलाई सम्झनु पर्द

(ङ) "बैठक" भन्नाले उपभोक्ता समितिको बैठकलाई सम्झनुपर्दछ।

(च) "पदाधिकारी" भन्नाले कार्यसमितिका अध्यक्ष, कोषाध्यक्ष, सचिव र सदस्यलाई जनाउँछ।

**३. संगठित संस्था हुनेः** (१) यो समिति संगठित संस्था हुनेछ ।

(२) समितिको आफ्नो छुट्टै छाप हुनेछ साथै समितिले व्यक्ति सरह आफ्नो नामबाट कार्य गर्न सक्नेछ

(३) समितिले चल- अचल सम्पति प्राप्त गर्न र उपभोग गर्न सक्नेछ तर समितिले आफ्नो अचल सम्पत्ति छैन। समिति विघटन भएमा सो समितिको सम्पूर्ण चल अचल सम्पत्ति पुर्नगठित उपभोक्ता समिति

**४. उपभोक्ता समितिका उद्देश्यहरुः** समितिका उद्देश्यहरु देहाय बमोजिम हुनेछः

(क) स्थानीय स्रोत साधनको अधिकतम परिचालन गरी कम लागतमा अधिकतम उपलब्धि हासिल गर

(ख) आयोजनाको कार्यान्वयन र प्राप्त प्रतिफलसम्म लाभग्राहीहरुको समतामूलक पहुँच स्थापित गर्ने।

**५. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम

(क) सम्झौता बमोजिमको काम तोकिएको परिणाम, गुणस्तर, समय र लागतमा सम्पादन गर्ने,

(ख) उपभोक्ताहरुलाई कार्यालयवाट प्राप्त सूचना तथा मार्गदर्शनको जानकारी गराउने,

(ग) उपभोक्ता समितिको कार्य सम्पादनलाई प्रभावकारी बनाउन समितिका सदस्यहरुको कार्य विभाजन

(घ) सम्झौता बमोजिमको कामको परिणाम, गुणस्तर, समय र लागतमा परिवर्तन गर्नुपर्ने भएमा कार्यालय

(ङ) वातावरण सन्तुलन कायम गर्दै नियमित मर्मत सम्भार मार्फत आयोजनाको दिगो व्यवस्थापन गर्ने

(च) आयोजना सम्पन्न पश्चात तोकिएको ढाँचाका कागजातहरु सहित समयमै फरफारकका लागि सम पेश गर्ने।

**६. खाता सञ्चालनः** (१) उपभोक्ता समितिको खाता नजिकको पायक पर्ने बैकमा खोलिनेछ।

(२) समितिको खाता अध्यक्ष, कोषाध्यक्ष र सचिव गरी तीन जना मध्ये दुई जनाको संयुक्त दस्तखतब खाता सञ्चालकहरु मध्ये कम्तिमा एक जना महिला हुनेछ।

**७. कार्य समितिका पदाधिकारीहरुको काम, कर्तव्य र अधिकारः** कार्यसमितिका पदाधिकारीहरुको काम देहाय बमोजिम हुनेछ।

**(क) अध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) समितिको नियमित बैठक बोलाउन निर्देशन दिने, बैठकका लागि मिति, समय र स्थान तोक्ने।

(२) छलफल हुँदा सबैको विचार संकलन गर्ने र सर्वसम्मत निर्णय गर्न पहल गरी निर्णयहरु लागू गर्ने, गराउने ।

(३) समितिले आर्जन/प्राप्त गरेको नगद वा जिन्सी सामानको सुरक्षाको प्रबन्ध मिलाउने ।

(४) विशेष बैठकको आवश्यकता परेमा विधान बमोजिम बैठक बोलाउने ।

(५) विधान बमोजिम अन्य कार्यहरु गर्ने ।

**(ख) उपभोक्ता समितिको सचिवको काम, कर्तव्य र अधिकारः**

(१) अध्यक्षको आदेश अनुसार बैठक बोलाउने ।

(२) एक तिहाइ सदस्यले विशेष बैठकका लागि लिखित माग गरेमा विधान बमोजिम बैठक बोलाउने।

(३) छलफलका प्रस्तावका आधारमा बैठकको निर्णय लेखि निर्णय प्रमाणित गर्ने/गराउने ।

(४) तोकिएका अन्य कार्यहरु गर्ने ।

**(ग) कोषाध्यक्षको काम, कर्तव्य र अधिकारः**

(१) संस्थाको आम्दानी र खर्चको विवरण तयार पार्ने ।

(२) वैंकमा खाता सञ्चालन गर्दा संयुक्त रुपमा खाता सञ्चालन गर्ने ।

(३) संस्थाको नगद र जिन्सी सामानको जिम्मा लिई सुरक्षा गर्ने ।

**८. आम भेलाको काम, कर्तव्य र अधिकारः** आम भेलाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) कार्य समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

(ख) कार्य समितिको कुनै सदस्य वा सिंगो कार्यसमितिको विरुद्ध कुनै उजुरी भएमा निर्णय गर्ने ।

(ग) समितिको विधान संशोधन गर्ने ।

(घ) संस्थाको वार्षिक कार्ययोजना स्वीकृत गर्ने ।

**९.आर्थिक व्यबस्थापनः** समितिको देहाय बमोजिम आर्थिक स्रोत हुनेछ।

(क) नगरपालिकावाट प्राप्त अनुदान ।

(ख) जनश्रमदानवाट प्राप्त हुने आम्दानी।

(ग) संघ संस्थावाट नगद जिन्सी तथा अन्य आम्दानी ।

(घ) उपभोक्ता सामितिबाट आयोजना/परियोजना/कार्यक्रम/योजना/क्रियाकलापमा गरिने लागत साझेदारीको रकम।

**१०. कार्यसमितिका पदाधिकारीको राजिनामाः** (१) समितिका सदस्यहरुले आफ्नो पदबाट राजिनामा दिन चाहेमा अध्यक्ष समक्ष दिन सक्नेछन् ।

(२) अध्यक्षले आफ्नो राजिनामा सचिव मार्फत समितिको बैठकमा पेश गर्नुपर्नेछ र सो उपर समितिले निर्णय गरे बमोजिम हुनेछ।

**११. विविधः**

(१) विधान संशोधन गर्नुपर्ने भएमा कार्य समितिले स्वीकृत गरी आमभेलामा पेश गर्नु पर्नेछ ।
आमभेलामा उपस्थित सदस्यहरुको कम्तिमा दुई तिहाई बहुमतबाट मात्र विधान संशोधन हुन सक्नेछ।

(२) यो विधान प्रचलित ऐन, नियमहरुसँग बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछ।

**(३) संस्थाको विघटनः** कुनै पनि योजनाको कार्य सम्पन्न भई सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ सम्पन्न भए पश्चात उक्त उपभोक्ता समिति आवश्यक नरहेको देखिएमा समितिले उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ। तर, उपभोक्ता समितिबाट सञ्चालन गरिएको कुनै पनि योजनामा अनियमितता भएको भनी कोही कसैले उजुर बाजुर गरेमा सो योजना र उजुरीप्रति सम्बन्धित उपभोक्ता समितिको जबाफदेहिता भने समाप्त हुने छैन ।



सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

(४) आर्थिक वर्षः आर्थिक वर्ष श्रावण १ गतेबाट प्रारम्भ भई आषाढ मसान्तमा समाप्त हुनेछ ।

हामी ............................................ उपभोक्ता समितिका सदस्यहरू यस विधान बमोजिम कार्य गर्न मञ्जुर भई निम्न साक्षीको रोहवरमा विधानमा सहीछाप गर्दछौं :

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | | | |
| २ | सचिव | | | |
| ३ | कोषाध्यक्ष | | | |
| ४ | सदस्य | | | |
| ५ | सदस्य | | | |
| ६ | सदस्य | | | |
| ७ | सदस्य | | | |

रोहवर

| क्र.सं. | पद | पदाधिकारीको नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | वडाध्यक्ष | | | |
| २ | | | | |

साँक्षी

१. सोलुदुधकुण्ड नगरपालिका वडा नं. ..... बस्ने वर्ष ..... को ....................

२. सोलुदुधकुण्ड नगरपालिका वडा नं. ....... बस्ने वर्ष ...... को ....................

सोलुदुधकुण्ड नगरपालिका नगर कार्यपालिकाको कार्यालय सल्लेरी, सोलुखुम्बु, कोशी प्रदेश नेपाल

अनुसूची १
संस्थाको छाप
(दफा ३ को खण्ड ख सँग सम्बन्धित)

माथिल्लो भागमा ............ उपभोक्ता समिति र तल्लो भागमा सोलुदुधकुण्ड- ..... तथा बीच भागमा ...... को तस्विर भएको छाप हुनेछ ।

आज्ञाले
टुक्ती शेर्पा
प्रमुख प्रशासकीय अधिकृत

सोलुदुधकुण्ड नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
सल्लेरी, सोलुखुम्बु,
कोशी प्रदेश नेपाल